# सपनाको सन्देश



- गोविन्द प्रसाद कडेल

आँखामा निन्द्रा मात्र के परेको थियो ।
छानो माथि तोपगोलाहरु पड्कन थाले
चारै तिर हलचल मच्चियो
घरको मुल थामनै भाच्चियो ।
बचाउ बचाउ भन्छन् कोही
भागौ भागौ भन्छन् ।
केटा केटी बाल वृद्ध
कराइ कराइ रुन्छन् ।
आँखामा निन्द्रा मात्र के परेको थियो ।

सिरानीको खुकुरी झिकेर कम्बरको पटुकीमा बलियोसँग भिरे
पृथ्वी नारायण शाह र कालु पाण्डेको तस्वीर नियालेर हेरे ।
मर्ने बेलामा बाबुले भनेको कुरा एकपटक सम्झिय
मैले यहि खुकुरीको सहायताले देश बचायको छु
यसैको तागतले इतिहास लेखेर आमालाइ हँसाएको छु ।
तँहिले पनि भोलिका दिनमा यहि खुकुरी चलाउँनु
बैरीको शिर मैले जस्तै गरि काटेर जमिनमा ढलाउँनु ।

देवी देउराली र वीर शहिदहरुसँग देश बचाउँने शक्ति मागे
म पुर्खाको इतिहासलाइ सलोट गर्दै युद्ध मैदान तिर लागे ।
धेरै गोलि र बारुदको प्रतिकार गर्दै खुकुरी प्रहार गरे
तर  मेरो खुकुरीको प्रहारले दुश्मनको शरिरमा केही भएन
उ मर्दा पनि मरेन । रगत पनि बगेन उ रुँदा पनि रोएन ।
म झनै आक्रोश हुँदै  दुश्मनको छाति  बिचमै खुकुरी हाने
तर उस्को छातिमा मुटु हैन फलाँम बजेको आवाज सुने ।

मलाइ बल्ल थाहा भयो त्यो दुश्मन त रोवर्ड मानव पो रहेछ
मेरो खुकुरीको युद्ध अब त धेरै पुरानो पो भएछ ।
निन्द्राबाट झल्याँस ब्यूझिय  बैरीले  जितेको सपना पो देखेछु
सपनामा पनि म अरु देश भन्दा धेरै कमजोर पो भएछु ।
चारै तिर आफ्नो देशलाइ निहालेर हेरे मत ढुङ्गे युगमै पो रहेछु

**श्यामपार्टी–३,काभ्रे हाल धुलिखेल**
geetkar.govinda@gmail.com
**९८४३२५१८३८**